ཁུམ་བུ་པ་སངས་ལྷ་མོ་གྲོང་སྡེ།

# खुम्बु पासाङल्हामु गाउँपालिका

## Khumbu Pasanglhamu Rural Municipality

गाउँ कार्यपालिकाको कार्यालय, चौरीखर्क, सोलुखुम्बु, १ नं. प्रदेश नेपाल

Office of the Rural Municipal Executive, Churikharka, Solukhumbu, 1 No. Province, Nepal

**सूचना। सूचना ।। सूचना ।।।**

विषयः **चालु आ.व. (२०७९/०८०) को भुक्तानी र खाता बन्द हुने सम्बन्धमा ।**

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० (१) बमोजिम भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष सम्पन्न हुनु भन्दा कम्तिमा ७ (सात) दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने कानुनी प्रावधान रहेको छ । साथै आर्थिक वर्षको अन्त्यमा कामको चाप बढी हुने, अधिक प्रयोगका कारण स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (Sub - National Treasury Regulatory Application (SuTRA)) समेत डाउन हुने, आषाढ मसान्त भित्रै कर दाखिला गर्नुपर्ने, संघीय सरकार तथा प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने अनुदानहरु फिर्ता गरी प्रतिवेदन पठाउनु पर्ने, कोष तथा लेखा नियन्त्रण कार्यालयमा भौचर बुझाउनु पर्ने र सबै कारोवारको हिसाव मिलान गर्नुपर्ने भएको हुँदा यस गाँउपालिकाबाट सञ्चालित सम्पूर्ण योजना तथा कार्यक्रमहरु चालू तथा पुजिगत खर्च शिर्षकवाट भुक्तानी लिनु पर्ने तथा पेश्की फछ्र्यौट गर्नु पर्ने रकम मिति २०८०/०३/१० गते भित्र पूर्णरुपमा सम्पन्न गरी मिति २०८०/०३/१३ गते भित्र भुक्तानी लिन अनुरोध छ । सो अवधिमा भुक्तानी नलिई निकासा बन्द भएमा कार्यालय जवाफदेही नहुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारीका लागि हार्दिक अनुरोध छ ।

चेतनाथ कटेल
आर्थिक प्रशासन शाखा प्रमुख
मिति २०८०।०२।२४

मोहन प्रसाद चापागाईं
प्रमुख प्रशासकीय अधिकृत
मिति २०८०।०२।२४

**सादर अवगतार्थः**

श्री अर्थ मन्त्रालय, सिंहदरवार काठमाण्डौ,

श्री कोशी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालय, **मोरङ** (विरानगर), नेपाल,

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सोलुखुम्वु, (सल्लेरी),

श्री अध्यक्षज्यू, श्री उपाध्यक्षज्यू, खुम्वु पासाङल्हामु गाँउपालिका सोलुखुम्वु,

श्री वडा अध्यक्षज्यू (सबै), श्री कार्यपालिका सदस्यज्यू (सबै), श्री गाँउ सभा सदस्यज्यू (सबै), खुम्वु पासाङल्हामु गाँउपालिका सोलुखुम्वु,

श्री शाखा प्रमुख (सबै), वडा सचिव (सबै), खुम्वु पासाङल्हामु गाँउपालिका सोलुखुम्वु,

श्री टोल विकास सस्था (सबै), (सबै) विधालय (सबै), कार्यालय तथा कर्मचारीहरु लगायत अन्य सरोकारवाला निकायहरु (सबै), खुम्वु पासाङल्हामु गाँउपालिका सोलुखुम्वु ।

CS CamScanner